आज मिति २०७९ साल श्रावण ०५ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्र वहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मिङमार ढोमा लामा |
| ३. | सदस्य | - | श्री खड्ग जंग गुरुङ |
| ४. | सदस्य | - | श्री मंगल देव गुरुङ |
| ५. | सदस्य | - | श्री विनोद लामा |
| ६. | सदस्य | - | श्री धावा छिरिङ (का.वा वडा नं. ४) |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री दो पाल्मा लामा (का.वा. वडा नं. ३) |
| ९. | सदस्य | - | श्री कान्छी गुरुङ |
| १०. | सदस्य | - | श्री नविना परियार |
| ११. | सदस्य | - | श्री गम माया गुरुङ |
| १२. | सदस्य | - | श्री गणेश घले |
| १३. | सदस्य | - | श्री फूर्पा फिन्जो घले |
| १४. | सदस्य सचिव | - | श्री नवेश राज हमाल |

आमन्त्रीत सदस्यहरु

१. लक्ष्मण गौली, ईन्जिनियर, चामे गाउँकार्यपालिकाको कार्यालय
२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय
३. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय
४. लिल वहादुर गुरुङ, सहायक चौथो चामे गाउँकार्यपालिकाको कार्यालय
५. शुसिला गुरुङ, सहायक कम्प्युटर अपरेटर, चामे गाउँकार्यपालिकाको कार्यालय

प्रस्तावहरु

१. चामे गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण कार्यविधि,२०७९ सम्वन्धमा ।

२. पदपूर्ति छनौट समितिको विषय विज्ञ नियुक्ति सम्वन्धमा ।

३. वस्ति संरक्षण तटवन्धन योजनाहरुको ठेक्का सूचना सम्वन्धमा ।

४. उपभोक्ता समिति गठन सम्बन्धमा ।

५. विविध

निर्णयहरु

१. चामे गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण कार्यविधी,२०७९ सर्वसम्मतले पास गर्ने निर्णय गरीयो ।

२. स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्दी मापदण्ड,२०७८ को दफा ३ बमोजिम पदपूर्ति समिति गठन अनुसार रोजगार सहायकको लागि विषय विज्ञ जिल्ला प्रशासन कार्यालय मनाङका सहायक प्रमुख जिल्ला अधिकारी श्री विष्णु प्रसाद ढुङ्गाना लाई नियुक्ति गर्ने निर्णय गरियो ।

३. चामे गाउँपालिकाबाट विभिन्न आयोजनाहरुको ठेक्काको सूचना तथा सम्झौता सम्वन्धी काम २०७९ साल असोज मसान्त भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिका वाट संचालन हुने वडा स्तरीय योजनाहरुको उपभोक्ता समिति गठन २०७९ साल असोज मसान्त सम्म गर्ने निर्णय गरियो ।

५. चामे गाउँपालिकाको सम्पुर्ण जनप्रतिनिधिले यथासमयमै सम्पत्ति विवरण कार्यालयमा पेश गर्ने निर्ण गरियो ।

६. चामे गाउँपालिकामा चालु हालतमा जम्मा १ थान स्कारपियो जीप मात्र भएकोले कार्यालयको दैनिक प्रशासनिक कामकाज तथा आयोज्नाको अनुगमन मूल्याङ्कन सम्वन्धी काममा पर्याप्त सवारी साधन नहुँदा प्रभावकारी कार्यसम्पादन हुन नसकेकोले चालु आ.व. २०७९।८० मा सवारी साधनमा वजेट विनियोजन भएको हुदाँ सो बमोजिम सवारी साधन (दुइ पाङ्ग्रे र चार पाङ्ग्रे समेत) खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने सम्वन्धमा सर्वसम्मतले निर्णय गरियो।

आज मिति २०७९ साल असोज ०६ गते चामे गाउँपालिका, गाउँकार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय वमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्र वहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मिङमार ढोमा लामा |
| ३. | सदस्य | - | श्री खड्ग जंग गुरुङ |
| ४. | सदस्य | - | श्री मंगल देव गुरुङ |
| ५. | सदस्य | - | श्री विनोद लामा |
| ६. | सदस्य | - | श्री लोप्साङ लामा |
| ७. | सदस्य | - | श्री मिना लामा (का.वा. वडा नं. ५) |
| ८. | सदस्य | - | श्री दो पाल्मा लामा |
| ९. | सदस्य | - | श्री कान्छी गुरुङ |
| १०. | सदस्य | - | श्री नविना परियार |
| ११. | सदस्य | - | श्री गम माया गुरुङ |
| १२. | सदस्य | - | श्री गणेश घले |
| १३. | सदस्य | - | श्री फूर्पा फिन्जो घले |
| १४. | सदस्य सचिव | - | श्री नवेशराज दुलाल |

<u>आमन्त्रीत सदस्यहरु</u>

१. लक्ष्मण गौली, ईन्जिनियर, चामे गाउँकार्यपालिकाको कार्यालय
२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय
३. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय
४. लिल वहादुर गुरुङ, सहायक चौथो चामे गाउँकार्यपालिकाको कार्यालय
५. शुसिला गुरुङ, सहायक कम्प्युटर अपरेटर. चामे गाउँकार्यपालिकाको कार्यालय

**प्रस्तावहरु**

१. स्थानीय भू-उपयोग परिषद गठन सम्वन्धमा ।
२. कजिनसारा अवलोकन भ्रमण सम्वन्धमा ।
३. ढल तथा खानेपानीका लागि खरिद गरिएको पाइप सम्वन्धमा
४. विविध ।

**निर्णयहरु**

१. चामे गाउँपालिकामा भूउपयोग क्षेत्र तथा भू उपयोग योजना तर्जुमा तथा कार्यन्वयनका लागि चामे गाउँकार्यपालिकाले स्थानीय भू-उपयोग परिपदको रुपमा काम गर्ने निर्णय गरीयो ।

२. चामे गाउँपालिकाको वडा नं. ४ मा रहेको कजिनसारा तालको चालु आर्थिक वर्पमा अवलोकन भ्रमणमा जाने तथा पर्यटकीय प्रचारप्रसार तथा भिडियोग्राफीका लागि देशको चर्चित ब्लगर/युटुबरसँग सम्झौता गरी काम गराउन चालु भैपरी खर्चवाट रु ४ लाख वजेट विनियोजन गर्ने निर्णय गरियो।

३. यस चामे गाउँपालिकाको कार्यालय वाट चामे वजार क्षेत्रमा आपतकालिन अवस्थामा खानेपानी व्यवस्थापन गर्ने उद्देश्यले आ.व.२०७८।०८९ मा DN50 PN10 को ११५० मि. र DN63 PN10 को १००० मि. HDEP पाईप खरिद गरि ल्याई गाउँपालिकको स्टोरमा मौज्दात रहेकोमा हाल चामे वजार क्षेत्र खानेपानी तथा ढल निर्माण योजना जि.एस. कन्ट्रक्स्नले निर्माण कार्य गरि रहेको र जि.एस. कन्ट्रक्स्नले गरेको ठेक्का सम्झौतामा खानेपानीको पाईप ४५ एम.एम साईजको रहेको र दिर्घकालिन रुपमा उक्त ४० एम.एम. र ५० एम.एम. साईजको पाईप सानो हुने भएकोले यस पालिकाको मौज्दातमा रहेको ६३ एम.एम.को पाईप ६०० मि. जि.एस. कन्ट्रक्स्नलाई उपलब्ध गराउने र उक्त कन्ट्रक्स्नको BOQ मा रहेको ४० एम.एम. र ५० एम.एम.को पाईप गाउँपालिकामा लिई गाउँपालिकाले आम्दानी वाध्ने र सो अनुसारको रकम जि.एस. कन्ट्रक्स्नलाई भुक्तानी गर्ने निर्णय गरियो।

४. यस चामे गाउँपालिकाको वडा नं. ४ अन्तर्गत जि.एस. कन्ट्रक्स्नले निर्माण कार्य गरि रहेको खानेपानी तथा ढल निर्माण कार्यमा गाउँपालिका अगाडिको गेट देखि घट्टे खोला सम्म र घट्टे खोला देखि गोर्खाली किचन चोक सम्मको वाटो अति साँगुरो भएकोले खुल्ला नालि (स्याल्याप) निर्माण गर्न नसकिने भएकोले प्राविधिक स्टमेट अनुसार १८० एम.एम. २०० मि. पाईप मार्फत ढल निकास गर्नुपर्ने भएकोले ढल निकासको लागि आवश्यक पर्ने DN180 PN10 साईजको पाइप BOQ मा नभएकोले उक्त परिमाणको पाईप चामे गाउँपालिकाको सशर्त अनुदान खानेपानी सेवा विस्तार तथा पुनस्थापना कार्यक्रम शिर्षक वाट खर्च लेख्ने गरी गाउँपालिकाबाट पाईप खरिद गरी जि.एस. कन्ट्रक्स्नलाई उपलब्ध गराउने निर्णय गरियो ।

५. नेपालीहरुको महानचाड २०७९ को शुभ विजयादशमी, दिपावली तथा छठ पर्वको उपलक्ष्यमा चामे गाउँपालिकावासी जनता, सम्पुर्ण जनप्रतिनिधिहरुका साथै पालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको व्यक्तिगत साथै परिवारीक सु-स्वास्थ्य, दिर्घायु तथा उत्तरोउत्तर प्रगतिको मंगलमय शुभकामना प्रस्ताव पारित गरियो।

६. चामे गाउँपालिकाभित्र फोहोरमैला व्यवस्थापनका लागि कुहिने, नकुहिने फोहोरमैला प्रत्येक घरवाटै छुट्याउन लगाई फोहोरमैला व्यवस्थापन केन्द्रमा व्यवस्थापन गर्न ज्यालादारीमा एकजना कर्मचारी राख्ने निर्णय गरियो।

आज मिति २०७९ साल पौष ०६ गते चामे गाउँपालिका, गाउँकार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्र बहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मिङमार छोपा लामा |
| ३. | सदस्य | - | श्री खड्ग जंग गुरुङ |
| ४. | सदस्य | - | श्री मंगल देव गुरुङ |
| ५. | सदस्य | - | श्री साङ्गे लामा (का.वा. वडा नं. ३) |
| ६. | सदस्य | - | श्री लोप्साङ लामा |
| ७. | सदस्य | - | श्री मिना लामा (का.वा. वडा नं. ५) |
| ८. | सदस्य | - | श्री दो पाल्मा लामा |
| ९. | सदस्य | - | श्री कान्छी गुरुङ |
| १०. | सदस्य | - | श्री नविना परियार |
| ११. | सदस्य | - | श्री गम माया गुरुङ |
| १२. | सदस्य | - | श्री गणेश घले |
| १३. | सदस्य | - | श्री फूर्पा फिन्जो घले |
| १४. | सदस्य सचिव | - | श्री नवेशराज हमाल |

<u>आमन्त्रीत सदस्यहरु</u>

१. लक्ष्मण गौली, ईन्जिनियर, चामे गाउँकार्यपालिकाको कार्यालय

२. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय

३. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय

४. लिल बहादुर गुरुङ, सहायक चौथो चामे गाउँकार्यपालिकाको कार्यालय

५. शुसिला गुरुङ, सहायक कम्प्युटर अपरेटर, चामे गाउँकार्यपालिकाको कार्यालय

प्रस्तावहरु

१. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङकन विषय क्षेत्रगत आधारमा प्राप्त नतिजाको अनुमोदन गर्ने सम्वन्धमा ।
२. अवलोकन भ्रमण सम्वन्धमा ।
३. हिमपात सम्बन्धमा ।
४. शिक्षक दरबन्दी मिलान सम्बन्धमा ।
५. कर्मचारीको O and M स्वीकृत सम्बन्धमा ।
६. विविध ।

निर्णयहरु

१. स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि विभिन्न विषय क्षेत्रहरु निर्धारण गरेको छ । यस कार्यमा सहजिकरणका लागी खटिई आउनु भएका प्रशिक्षकहरुबाट प्रशिक्षण समेत सम्पन्न भई सकिएको हुँदा उक्त कार्यविधि अनुसार यस चामे गाउँपालिकाले आ.ब. २०७८।०७९ मा सम्पादन गरेका कार्यहरुको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलव्ध गराईएको सूचना प्रविधिमा आधारित ढाँचा अनुसार स्वमुल्याङ्कन गर्दा निम्न विषयक्षेत्रहरुमा निम्नानुसार अंकभार प्राप्त भएको हुँदा प्राप्त नतिजा आजको कार्यपालिकाको बैठकबाट अनुमोदन गरी कार्यालयको वेभसाईट तथा सूचना पाटी मार्फत सार्वजनिक गर्ने साथै जिल्ला समन्वय समिति, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरा र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| सि.नं. | स्वमुल्याङ्कनका विषय क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ८ | |
| २ | संगठन तथा प्रशासन | ८ | ६ | |
| ३ | बार्षिक बजेट तथ योजना व्यवस्थपन | ११ | ६ | |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | ७ | |
| ५ | सार्वजनिक सेव प्रवाह | १६ | ११.७५ | |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | ७ | |
| ७ | भौतिक पूर्वाधार | १३ | ३.५ | |
| ८ | सामाजिक समावेशिकरण | १० | ७.५ | |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | २.५ | |
| १० | सहकार्य समन्वय | ६ | ३.५ | |
| | कुल जम्मा प्राप्ताङ्कः | १०० | ६२.७५ | |

२. चामे गाउँकार्यपालिका सदस्यहरुको असल अभ्यास आदान प्रदान कार्यक्रम तथा अवलोकन भ्रमण पुष २५ गते राख्ने निर्णय गरियो । साथै कर्मचारीहरुको सोही कार्यक्रम यही पुस १२ गते राख्ने निर्णय गरियो।

३. चामे गाउँपालिकाको कार्यक्षेत्रभित्र हिमपात तथा पहिरो व्वस्थापनको लागि चामे गाउँपालिकामा रहेको हिउँफाल्ने मेसिनलाई आवश्यकता अनुसार प्रयोग गर्ने निर्णय गरियो ।

४. श्री लोकप्रिय मा.वि.को च.न. १०१ मिति २०७९।०८।२७ गतेको निर्णय तथा प्राप्त पत्रानुसार तहाँ विद्यालयको निमावि तह तृतिय श्रेणिको रिक्त रहेको विज्ञान विषयको दरवन्दीलाई विद्यालयको माग र आवश्यकतालाई हेरी उक्त दरवन्दीलाई निमावि तह तृतिय श्रेणिको नेपालि विषयमा विपय परिवर्तन गर्ने निर्णय गरियो । साथै नेपाली विषयको दरबन्दीमा गौरिशंकर आधारभुत विद्यालयमा कार्यरत श्री छोटे लाल तामाङ लाई दुवै विद्यालयको व्यवस्थापन समितिको निर्णय तथा सहमतिका आधारमा उक्त निमावि तह तृतीय श्रेणीको नेपाली विषयको दरबन्दीमा सरुवा सहमति दिने निर्णय गरियो। लोकप्रिय माविको प्रावि तह तृतीय श्रेणीमा कार्यरत श्री शंकर गुरुङ सेवा निवृत्त भइसकेको हुँदा उक्त रिक्त दरबन्दी सहित प्रावि तहको थप एक दरबन्दी गौरिशंकर आधारभूत विद्यालयमा दिने निर्णय गरियो।

५. इन्जिनियरिङ एडभाइजरी प्रा लि, ललितपुरबाट मिति २०७९।०७।२७ गते प्राप्त भएको चामे गाउँकार्यपालिकाको कार्यालय, चामे मनाङको प्रस्तावित संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O and M) स्वीकृत गर्ने निर्णय गरियो।

# भाग ५: प्रस्तावित संगठन संरचना र दरवन्दी तेरिज

## ५.१ प्रस्तावित संगठन संरचना

चामे गाउँपालिका, मनाङ्ग

### गाउँ कार्यपालिकाको कार्यालयको संगठन संरचना

- गाउँसभा → लेखा, विधायन, सुशासन तथा अन्य समिति
- गाउँकार्यपालिका → आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन समिति
- अध्यक्ष → उपाध्यक्ष → न्यायिक समिति
- प्रमुख प्रशासकीय अधिकृत ८औं (प्र./सा.प्र.)-१

**सामान्य प्रशासन शाखा**

प्रशासन अधिकृत, ६ औं (प्र./सा.प्र.)-१
वरिष्ठ प्रशासन सहायक, पाँचौं / प्रशासन सहायक चौथो (प्र./सा.प्र.)- १
वरिष्ठ कानून सहायक ५ औं (कानून)- १
स.कम्प्युटर.अपरेटर., चौथो (विविध)-१

**आन्तरिक लेखा परिक्षण इकाई**

वरिष्ठ आ.ले.प.सहायक, ५औं (प्र./ले) -१

**राजस्व तथा आर्थिक प्रशासन शाखा**

लेखा अधिकृत छैटौं/सातौं(प्र/लेखा)-१
लेखा सहायक चौथो (प्र./सा.प्र.)-१

**पुर्वाधार विकास तथा भवन नियमन शाखा**

ईन्जिनियर, ६ औं इन्जि/सिभिल/जन)-१
सब-ईन्जि, ५ औं (इन्जि./सि/जनरल)-१
सब-ईन्जि, ५ औं (इन्जि./सिभि/विआर)-१
(वडा कार्यालय समेत)

**वडा कार्यालयहरु- ५**

वरिष्ठ प्रशासन सहायक ५औं (प्र./सा.प्र.)-२
प्रशासन सहायक, चौथो (प्र./सा.प्र.)-३
अ.सवईन्जि., चौथो (इन्जि./सिभि.)-१

**सामाजिक विकास शाखा**

वरिष्ठ शिक्षा सहायक ५ औं (शिक्षा/शि.प्र.)-१
स.म.वि.नि.,चौथो (विविध)-१
स्वास्थ्य इकाई
हे.अ. /ज.स्वा.नि. ५/६ औं (स्वा/हे.ई.)-१,
स्टाफ नर्स, सहायक पाँचौं (स्वा./क.न)-१ (स्कूल र स्वास्थ्य शाखाको लागि)
विद्यालयहरु

**स्वास्थ्य चौकी तर्फ**

हे.अ. /सि.अ.हे.व.सहायक पाँचौं(स्वा./हे ई) )-१
अ.हे.व, सहायक चौथो(स्वा./हे ई) )-१
अ.न.मी, सहायक चौथो (स्वा./प.हे.न)-२
ल्या.असि./टे. चौथो/पाँचौं-१

**आधारभुत स्वास्थ्य केन्द्र (तिमाङ र कोतोका लागि)**

अ.हे.व.सहायक चौथो (स्वा./हे ई)-२

**आर्थिक विकास शाखा**

**कृषि सेवा शाखा**

वरिष्ठ कृषि सहायक,५ औं(कृषि.)-१
कृषि सहायक, चौथो (कृषि.)-१

**पशु सेवा शाखा**

वरिष्ठ पशु सेवा सहायक.५औं (कृषि/भेट)-१
पशु सेवा सहायक, चौथो (कृषि./भेट)-१

**योजना अनुगमन तथा तथ्यांक शाखा**

सूचना प्रविधि अधिकृत ६ औं (वि.)-१
वरिष्ठ प्रशासन सहायक ५ औं (प्र./सा.प्र.)- १

**आवश्यकता अनुसार करार सेवामा पदपूर्ति गरिने दरवन्दीहरु**

कार्यालय सहयोगी-११
सरसफाई सहयोगी-३
ह.स.चा.- २ मिटर रिडर-१
खानेपानी टेक्निसियन-१

# भाग ५: प्रस्तावित संगठन संरचना र दरवन्दी तेरिज

## ५.१ प्रस्तावित संगठन संरचना

### चामे गाउँपालिका, मनाङ्ग

### गाउँ कार्यपालिकाको कार्यालयको संगठन संरचना



६. चामे गाउँपालिकाबाट मिति २०७९।०८।२३ गते दोस्रो पटक माग भएको सूचना बमोजिम यस कार्यालयलाई श्री रिजेश उपरकोटीबाट प्राप्त भएको यस गाउँपालिकाको प्रतिक चिह्न (लोगो) स्वीकृत गर्ने साथै सूचनामा उल्लेख गरिएको पारिश्रमिक रकम भूक्तानी गर्ने निर्णय गरियो।

७. नमुना विद्यालय अन्तर्गत श्री लोकप्रिय माविलाई चालु आ.व. २०७९/८० मा प्राप्त भएको रु १,१०,००,०००।– (अक्षरुपी एक करोड दश लाख मात्र।) मध्ये थप भौतिक संरचना तथा भान्सा र लाइब्रेरी डिजाइनका लागि डिपिआर गर्न रु १०,००,०००।– (अक्षरुपी दश लाख) विनियोजन गर्ने निर्णय गरियो।

आज मिति २०७९ साल माघ २९ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय वमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्र वहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मिङमार ढोमा लामा |
| ३. | सदस्य | - | श्री खड्ग जंग गुरुङ |
| ४. | सदस्य | - | श्री मंगल देव गुरुङ |
| ५. | सदस्य | - | श्री विनोद लामा |
| ६. | सदस्य | - | श्री धावा छिरिङ (का.वा वडा नं. ४) |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री ~~विनोद लामा~~ दो पाल्मा लामा |
| ९. | सदस्य | - | श्री कान्छी गुरुङ |
| १०. | सदस्य | - | श्री नविना परियार |
| ११. | सदस्य | - | श्री गम माया गुरुङ |
| १२. | सदस्य | - | श्री गणेश घले |
| १३. | सदस्य | - | श्री फूर्पा फिन्जो घले |
| १४. | सदस्य सचिव | - | श्री नवेशराज हमाल |

<u>आमन्त्रीत सदस्यहरु</u>

१. लक्ष्मण गौली, ईन्जिनियर, चामे गाउँकार्यपालिकाको कार्यालय

२. अशोक थापा, प्रशासन सहायक, चामे गाउँकार्यपालिकाको कार्यालय

प्रस्तावहरु

१. स्वाथ्य चौकी जग्गा खरिदका लागि सहमति माग गर्ने सम्वन्धमा ।

२. कर्मचारी दरवन्दी मिलान सहीत माथिल्लो तह कायम गरी तह वृद्धि गर्ने सम्वन्धमा ।

३. सवारी साधन मर्मत खर्च समर्थन सम्वन्धमा ।

४. फोहर मैला व्यवस्थापन तथा स्थानिय सडक मर्मत सम्वन्धमा ।

५. आगामी आर्थिक वर्षका लागि माग गर्नुपर्ने नयाँ झ्.पु. को विवरण सम्वन्धमा ।

६. घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र नविकरण सम्वन्धमा ।

७. सडक वोर्ड नेपालवाट प्राप्त वजेटको योजना कार्यान्वयन सम्वन्धमा ।

८. मनाङ मस्याङदी जलविधुत आयोजनाको लागि जग्गा अधिग्रहणका लागि सहमति दिने सम्वन्धमा ।

९. विविध ।

निर्णयहरु

१. चामे गाउँपालिकाको वडा नं २ थानचोकमा साविकमा कच्ची भवनमा गाँउपालिकाको एकमात्र स्वाथ्य चौकी रहेको, चालु आ.व. मा गण्डकी प्रदेशवाट स्वास्थ चौकीको पक्की भवन निर्माण गर्न वजेट प्राप्त भएको छ। स्वास्थ चौकी भवन टाइप-वी निर्माण गर्न १.६ रोपनी जग्गा आवश्यक पर्ने तर गाउँपालिकाको आफ्नै स्वामित्वमा ताहाँ पर्याप्त जग्गा नहुँदा जग्गा खरिद गर्नुपर्ने भएको र सोको लागि सोही वडानिवासी विरेन्द्र घलेको कित्ता नम्बर २३७ क्षेत्रफल ११-२-१-२ को जग्गाबाट १ रोपनी जग्गा खरिद गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सहमति माग गर्ने निर्णय गरीयो ।

२. गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०७९ को दफा २८ वमोजिम तह वृद्धि गर्ने र सोहि अध्यादेशको दफा ९ अनुसार दरवन्दी मिलान भई स्वत: माथिल्लो तह कायम गर्ने प्रयोजनका लागि मिति २०७९/०६/२८ मा एस चामे गाउँपालिकाको कार्यालयमा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुवाट आवेदन फाराम पेशगर्न ७ दिनको सूचना प्रकाशित गरिएकोमा रित पुर्वक निवेदन पर्न आएका तथा स्थानीय सेवाको (गठन तथा संचालन) अध्यादेश २०७९ को दफा ९ वमोजिमको योग्यता पुरा गरेका तथा दफा ३२ वमोजिम नकारात्मक सूचीमा नपरेका तपशिलका कर्मचारीहरुलाई २०७९ माघ १ गते देखि लागु हुने गरी स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०७९ दफा ९ अनुसार दरवन्दी मिलान सहित माथिल्लो तह कायम गरी तह वृद्धि गर्ने निर्णय गरीयो ।

**तपशिल:**

१) अधिकृत छैटौ लेखा (आ.ले.प.अ.) नम नारायण मल्ल- अध्यादेशको दफा ९ उपदफा (३) वमोजिम सोही पदमा समायोजन भई माथिल्लो तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता उत्तिण प्रमाण-पत्र भएकोले अधिकृतस्तर सातौं लेखा अधिकृत पद कायम गर्ने ।

२) सहायक चौथो लिल वहादुर गुरुङ-अध्यादेशको दफा ९ उपदफा (४) वमोजिम सोही पदमा समायोजन भई पाँच वर्ष सेवा अवधि पुरा भएकोले सहायकस्तर पाचौं पद कायम गर्ने।

३. चामे गाउँपालिकामा हाल एक मात्र सवारी साधन (चार पाङग्रे) चालु हालतमा रहेको, कार्यालयको कामको सिलसिलामा वेशिसहर, पोखरा तथा काठमान्डौं गइरहनुपर्ने र वेशिसहर-चामे सडक खण्ड तथा यस गाउँपालिकाको शाख बाटोहरु समेत कच्ची र विकट भौगोलिक अवस्थितिमा रहदा सवारी साधन नियमित मर्मत सम्भार गर्नुपर्ने भएको हुँदा सवारी साधनलाइ चुस्त दुरुस्त राख्न सवारी मर्मत गर्दा श्री पश्चिमाञ्चल अटो वर्कसपलाई भुक्तानी गर्नुपर्ने रु ६,१४,८३३/- (अक्षरुपी छ लाख चौध हजार आठ सय तेत्तिस मात्र) र श्री वतास व्रदर्श प्रा.लि लाइ भुक्तानी गर्नुपर्ने रु १,१३,१३९।२२ (अक्षरुपी एक लाख तेह्र हजार एक सय उन्नचालीस पैसा बाइस मात्र) दायित्व सिर्जना भएको हुदा उक्त खर्च भुक्तानी गर्न समर्थन गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिका क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन गर्नका लागि गाउँपालिकामा रहेको ट्याक्टर प्रयोग गर्ने र सोका लागि आवश्यक चालक १ जनामा सम्वन्धित सवारी साधनको लाइसेन्स प्राप्त व्यक्ति तथा फोहोरमैला संकलन गर्न आवश्यक हेल्पर १ जनालाई ३ महिनाका लागि ज्यालादारीमा नियुक्ति गर्ने साथै तिमाङ देखि चामे वजारसम्मको सडक खण्डमा वाटो सरसफाई तथा खाल्डा पुर्नको लागि जेसिबी भाडामा लिई सडक मर्मत सम्भार गर्ने निर्णय गरियो।

५. आगामी आर्थिक वर्षका लागि यस गाउँपालिकामा आवश्यक देहाय बमोजिमको झोलुङ्गे पुल स्थानीय पूर्वाधार विभाग, ललितपुरमा माग गर्ने निर्णय गरियो।

१.सल्लाघारी झोलुङ्गे पुल, चामे वडा नं ०२

२.सिङ्गर खोला-हाइक्याम्प झोलुङ्गे पुल चामे वडा नं ०४

६. साविक जिल्ला विकास समितिको कार्यालय, मनाङमा मिति २०७१।०९।०२ मा इजाजत नं ०१/०६५/६६ मा दर्ता भएको घ-वर्गको इजाजत-पत्र प्राप्त श्री जुपिटर कन्सट्रक्सनलाई इजाजत नवीकरण गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो।

७. सडक वोर्ड नेपालबाट चालु आ.व. मा स्थानीय सडक मर्मत सम्भार कार्यको लागि रु दश लाख बजेट विनियोजन भएको र उक्त रकममा गाउँपालिकाको स्थानीय कोषवाट समपुरक कोष वापत रु चार लाख समेत बजेट विनियोजन गरी चामे गाउँपालिकाको वडा नं ४ मा स्थित कृषि कार्यालय देखि स्याउबारी स्कुल सम्म जाने सडक स्तरोन्नति गर्ने निर्णय गरियो।

८. मनाङ मर्स्याङदी जलविधुत आयोजनालाई स्थायी रुपमा प्रयोग गर्न १६५.११ रोपनी जग्गा आवश्यक पर्ने तर नेपाल सरकारबाट तोकिएको जग्गाको हकबन्दी ७५ रोपनी मात्र भएकोले हदबन्दी भन्दा बढी जग्गा प्राप्तीका लागि उक्त आयोजनालाई सहमति सिफारिस दिने निर्णय गरियो ।

आज मिति २०८० साल वैशाख १२ गते चामे गाउँपालिका, गाउँकार्यपालिकाको वैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्र वहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मिङमार ढोमा लामा |
| ३. | सदस्य | - | श्री खड्ग जंग गुरुङ |
| ४. | सदस्य | - | श्री मंगल देव गुरुङ |
| ५. | सदस्य | - | श्री विनोद लामा |
| ६. | सदस्य | - | श्री लोप्साङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री दो पाल्मा लामा |
| ९. | सदस्य | - | श्री कान्छी गुरुङ |
| १०. | सदस्य | - | श्री नविना परियार |
| ११. | सदस्य | - | श्री गम माया गुरुङ |
| १२. | सदस्य | - | श्री गणेश घले |
| १३. | सदस्य | - | श्री फूर्पा फिन्जो घले |
| १४. | सदस्य सचिव | - | श्री लक्ष्मण गौली |

आमन्त्रीत सदस्यहरु

१. डिल वहादुर गुरुङ, जनस्वास्थ्य निरीक्षक (छैठौं अधिकृत) , चामे गाउँपालिका

२. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँपालिका

३. लिल वहादुर गुरुङ, सहायक पाचौं चामे गाउँपालिका

४. शुसिला गुरुङ, सहायक कम्प्युटर अपरेटर, चामे गाउँपालिका

प्रस्तावहरु

१. सिफारिस प्रमाणित गर्ने सम्वन्धमा ।
२. फोहोरमैला व्यवस्थापन सम्वन्धमा ।
३. निमित्त प्रमुख प्रशासकीय अधिकृतको सिफारिस गर्ने सम्वन्धमा ।
४. भवनको पुर्ण क्षतिको दोश्रो किस्ताको लागि सिफारीस ।
५. खरिद ईकाइ समितिको संयोजक तोक्ने सम्वन्धमा ।
६. गाउँसभाको मिति तोक्ने सम्वन्धमा ।

निर्णयहरु

१. नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयवाट चामे गाउँपालिकाको गरिव घर परिवार सूचि प्राप्त भई चामे गाउँपालिकाले दावि विरोध सम्वन्धी सूचना मिति २०७९।१२।०८ गते प्रकाशन भएकोमा तपशिल वमोजिमको विवरण गुनासो सुनुवाइ समितिको मिति २०७८०।०१।११ गतेको निर्णय भई सिफारिस भएकोमा उक्त सिफारिसलाई प्रमाणित गर्ने निर्णय गरियो।

तपशिल

| क्र.सं. | नाम | परिवार संकेत नं. | ठेगाना | मोबाईल नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | जुङ माया गुरुङ | ४०२०३०१०१००५३ | चामे-१ | ९८४६३२०१०५ | स्वघोषणा |
| २. | चन्द्र काशी गुरुङ | ४०२०३०२०१००१५ | चामे-२ | ९८६४८९७१९६ | स्वघोषणा |
| ३. | गम्वी बुढा | ४०२०३०२०१०००३ | चामे-१ | ९८४७८९९४६६ | स्वघोषणा |
| ४. | हस तारा बुढा मगर | ४०२०३०२०१०००४ | चामे-१ | ९८४७८२५१५९ | स्वघोषणा |
| ५. | तेज बहादुर गुरुङ | ४०२०३०५०१०२३८ | चामे-५ | ९८४६७८६१७७ | गरिबमा सूचिकृत गर्ने |
| ६ | छोमु गुरुङ | ४०२०३०२०१००४३ | चामे-२ | ९८५६०४९९०५ | गरिबमा सूचिकृत गर्ने |

२. चामे गाउँपालिकाको अव्यवस्थित रुपमा फालिएको फोहोरमैला यहि मितिः२०८०।०१।१५ गते देखि नियमित रुपमा फोहोरमैला उठाउने गर्ने निर्णय गरियो ।

३. यस चामे गाउँकार्यपालिका प्रमुख प्रशासकीय अधिकृत श्री नवेशराज हमाल को श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवारको मितिः२०७९।१२।१३ को निर्णय अनुसार यस पालिकावाट वन्दीपुर गाउँपालिका वन्दिपुर, तनहुँ सरुवा भई मितिः२०७९।१२।१९ गते देखि लागु हुने गरी रमाना लिई हाजिर हुन जानु भएको हुदाँ हाल सम्म प्रमुख प्रशासकीय अधिकृत खालि भई आर्थिक कारोवार ठप्प भएको हुदाँ अर्को प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था नहुन्जेल सम्म यस पालिकाकाको जनस्वास्थ्य निरीक्षक (छैठौ अधिकृत) श्री डिल वहादुर गुरुङ (कर्मचारी संकेत नं.२११०९५) लाई आर्थिक अधिकार सहित

निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा जिम्मेवारी तोकिदिन श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरीयो ।

४. चामे गाउँपालिका २०७८ साल जेष्ठ र असार महिनामा परेको अविरल वर्षाको कारणले चामे गाउँपालिकाका वडा नं १-५ मा भएको भवनको पुर्ण क्षतिको विवरण निम्नअनुसार भएकोलाई दोश्रो किस्ताको लागि सिफारीस गरी जिल्ला प्रशासन कार्यालयमा पठाउने निर्णय गरियो ।

| | |
|---|---|
| १. हेमा गुरुड चामे गाउँपालिका वडा नं. ४ | पुर्ण क्षति |
| २. सेती गुरुङ महर्जन चामे गाउँपालिका वडा नं. ४ | पुर्ण क्षति |
| ३. लिलराम गुरुङ चामे गाउँपालिका वडा नं. ४ | पुर्ण क्षति |
| ४. कर्मा छोमु गुरुङ चामे गाउँपालिका वडा नं. ४ | पुर्ण क्षति |
| ५. उजेली वि. क चामे गाउँपालिका वडा नं. ४ | पुर्ण क्षति |
| ६. सिर्जना वि. क चामे गाउँपालिका वडा नं. ४ | पुर्ण क्षति |
| ७. सरस्वती वि. क चामे गाउँपालिका वडा नं. ४ | पुर्ण क्षति |
| ८. पेमा वुटि लामा चामे गाउँपालिका वडा नं. ४ | पुर्ण क्षति |
| ९. सोनाम याङचेन गुरुङ चामे गाउँपालिका वडा नं. ३ | पुर्ण क्षति |

५. चामे गाउँपालिकाको खरिद ईकाइ समितिको संयोजकमा यस चामे गाउँपालिकाको सूचना प्रविधी अधिकृत श्री दिपेन्द्र गोदार तोकी पाँच सदस्यीय खरिद ईकाइ समिति वनाउने निर्णय गरियो ।

६. चामे गाउँपालिकाको हिउदे गाउँ सभा यहि मितिः२०८०।०१।२५ गते वस्ने निर्णय गरियो ।

आज मिति २०८० साल वैशाख २४ गते चामे गाउँपालिका, गाउँकार्यपालिकाको वैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्र वहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मिङमार ढोमा लामा |
| ३. | सदस्य | - | श्री खड्ग जंग गुरुङ |
| ४. | सदस्य | - | श्री मंगल देव गुरुङ |
| ५. | सदस्य | - | श्री विनोद लामा |
| ६. | सदस्य | - | श्री लोप्साङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री दो पाल्मा लामा |
| ९. | सदस्य | - | श्री कान्छी गुरुङ |
| १०. | सदस्य | - | श्री नविना परियार |
| ११. | सदस्य | - | श्री गम माया गुरुङ |
| १२. | सदस्य | - | श्री गणेश घले |
| १३. | सदस्य | - | श्री फूर्पा फिन्जो घले |
| १४. | सदस्य सचिव | - | श्री डिल वहादुर गुरुङ |

अन्य उपस्थिति

१. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँकार्यपालिकाको कार्यालय
२. लक्ष्मण गौली, ईन्जिनियर , चामे गाउँपालिका
३. दिपेन्द्र गोदार, सूचना प्रविधि अधिकृत, चामे गाउँपालिका
४. लिल वहादुर गुरुङ, सहायक पाचौं चामे गाउँपालिका
५. अशोक थापा, प्रशासन सहायक, चामे गाउँपालिका
६. शुसिला गुरुङ, सहायक कम्प्युटर अपरेटर, चामे गाउँपालिका

प्रस्तावहरु

१. इन्फारेड चुलो खरिद सम्वन्धमा ।
२. निर्माण सेवाको वेरुजु कट्टा गरी धरौटी फिर्ता सम्वन्धमा ।
३. पत्रचार गर्ने सम्वन्धमा ।
४. सवारी साधन मर्मत खर्च समर्थन सम्वन्धमा ।
५. विष्पोटक पदार्थ वर्निङ तथा डेभोलिशन सम्वन्धमा ।
६. वडा नं. २ को भवन निर्माण सम्वन्धमा ।
७. सि.सि. क्यामरा हस्तान्तरण सम्वन्धमा ।
८. पुरक वजेट सभामा सिफारीस सहित पेश गर्ने सम्वन्धमा ।

निर्णयहरु

१. चामे गाउँपालिकाको आ.व. ०७७।०७८ सशर्त अनुदान (पुँजिगत) तर्फ राष्ट्रिय ग्रामिण तथा नवीकरण उर्जा कार्यक्रम अन्तर्गत नविकरणिय उर्जा प्रविधि जडान (वायोग्यास/विद्युतिय चुलो/सुधारीएको चुलो/सौर्य उर्जा) शिर्षकमा प्राप्त रु.१० लाख वजेटवाट नेपालमा उत्पादित विद्युत उर्जा खपत गरी इन्धन आयात घटाउने लक्ष्य वमोजिम यस पालिकामा स्थायी रुपमा वसोवास गरिरहेको पालिकाको आ.व.०७९।८० को सम्पत्ती तथा व्यवसायी कर तिरेको रसिदलाई आधार मानी इन्फारेड चुलो खरिद गरी पुर्ण अनुदानमा वितरण गर्ने निर्णय गरियो ।
२. फोहोरमैला व्यवस्थापन स्थान निर्माण योजनाको निर्माण व्यवसायी सन्तोष निर्माण सेवा/कालिका इन्जिनियरिङ कन्सल्टेन्सीले DPL अवधि समाप्त भई धरौटी रकम फिर्ता मागिएकोले आ.व. ०७७।०७८ को म.ले.प. प्रतिवेदनको दफा नं. ३८ मा उल्लेख भएको रु.९३४८७।५२ वेरुजु कट्टा गरी बाँकी रकम मात्र धरौटी फर्ता गर्ने निर्णय गरियो ।
३. चामे गाउँपालिकाको चामे वजार खानेपानी तथा ढल योजनाको कुल लागत रु.३०००१०९४।३५ भई e-bidding वाट पेश भई न्युनतम छनोट हुन आएका श्री जि एस इन्जिनियरीङ एण्ड विल्डर्स कास्की पोखराले रु. १८३६५९१४।०७ पैसामा मिति २०७८।०२।०९ गते सम्पन्न गर्ने गरी मितिः२०७७।०२।०८ मा सम्झौता भएकोमा विभिन्न कारण (वाढि, कोरोना) का कारण योजना सम्पन्न गर्न नसकिएको भनि पेश गर्दा कार्यपालिकाको मिति २०७९।०३।२४ गतेको वैठक वाट मिति २०७९।०८।०७ सम्म म्याद थप भएको तर हाल सम्म कार्य सम्पन्न नभएको र म्याद थप एंव निर्माण स्थलमा निरन्तर काम नभएको हुदाँ उक्त निर्माण व्यवसायिलाई एक हप्ताको समय दिई पत्राचार गर्ने र उक्त समय भित्र कार्य प्रक्रिया अगाडी नवढाएमा कानुनि प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।
४. चामे गाउँपालिकामा हाल एक मात्र सवारी साधन (चार पाङ्ग्रे) चालु हालतमा रहेको, कार्यालयको कामको सिलसिलामा वेशिसहर, पोखरा तथा काठमान्डौं गइरहनुपर्ने र वेशिसहर-चामे सडक खण्ड तथा यस गाउँपालिकाको शाखा वाटोहरु समेत कच्ची र विकट भौगोलिक अवस्थितिमा रहदा सवारी साधन नियमित मर्मत सम्भार गर्नुपर्ने भएको हुँदा सवारी साधनलाइ चुस्त दुरुस्त राख्न सवारी मर्मत गर्दा श्री पश्चिमाञ्चल अटो वर्कसपलाई भुक्तानी गर्नुपर्ने रु ७,५७,६६७/- (अक्षरुपी सात लाख सन्तौन्न हजार छ

सय सतसठ्ठी मात्र) र दायित्व सिर्जना भएको हुँदा उक्त खर्च भुक्तानी गर्न समर्थन गर्ने निर्णय गरियो ।

५. चामे गाउँपालिकाको विकास निर्माण कार्यको लागि विगतमा खरिद भएको विष्पोटक पदार्थ मध्ये खर्च भई वाकी रहेको विष्पोटक पदार्थको सेल्फ लाईफ सकिएकोले वर्निङ तथा डेभोलिशन गर्नुपर्ने भनी इन्द्र दल गुल्ममा भएको सयुक्त वैठक निर्णय सहित वर्निङ तथा डेभोलिशनको लागि अनुसार भएकोले उक्त विष्पोटक पदार्थ वर्निङ तथा डेभोलिशन गर्ने र सोको लागी आवश्यक कमर्सियल इलेक्टिक डेटोनेटर गोटा २३ र इमुल्सन के.जि. ७ खरिद प्रकृया अघि वढाउने निर्णय गरीयो ।

६. चामे गाउँपालिका द्वारा आ.व. ०७९।०८० मा संचालित वडा नं. २ को कार्यालय भवन निर्माण को **DPR** तयार भई हाल चामे स्वास्थ्य चौकी भवन भएको स्थानमा पुरानो स्वास्थ्य चौकी भवन भत्काई निर्माण कार्य गर्नुपर्ने भएकोले पुरानो भवनका निर्माण सामाग्री वडा नं.२ को जिम्मामा रहने गरी निर्माण कार्य अगाडी वढाउन अनुमति दिने निर्णय गरियो।

७. मिति २०७८।०२।०५ मा क्वारेन्टाईन व्यवस्थापनको लागि यस कार्यालयले खरिद गरी ल्याएको सि.सि. क्यामरा सम्वन्धी तपशिलका सामानहरु श्री सशस्त्र प्रहरी वल चामे मनाङलाई सुरक्षार्थ मिति २०७९।०४।३० मा हस्तान्तरण भएकोमा सो लाई यस चामे गाउँपालिकाको जिन्सी मौज्दातबाट घटाउने गरी जिन्सी व्यवस्थापन गर्ने निर्णय गरीयो ।

<u>तपशिल</u>

| जिन्सी सामानको नाम | परिमाण | जिन्सी खा.पा.नं. | मुल्य |
|---|---|---|---|
| Outdoor IP camera | ३ | ११२/३ | ३३,९००।- |
| Indoor camera | ५ | ११३/४ | ३३,९००।- |
| NBR 16 CH | १ | १०६/१ | ६,७८०।- |
| LCD monitor 17 inch | १ | १२३ | ९,०००।- |

८. गत वर्षको मौज्दात जिम्मेवारी सार्नुपर्ने रकम यकिन हुन नसकेको रकमलाई विनियोजनमा वाँडफाँड गरी चामे गाउँपालिकाको विनियोजन ऐन, २०७९ को अनुसूचीहरुमा केही संशोधन गर्नुपर्ने भएकोले तपिशल वमोजीमको वजेट तथा कार्यक्रम संशोधन सम्वन्धी प्रस्ताव वाहौ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

अनुसूची-१

रकम रू. हजारमा

| क्र. सं. | अनुदान संख्या | बजेट प्राप्तिका स्रोत | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | केन्द्र सरकार समानीकरण अनुदान | ० | ७१३००.०० | | ७१३०० |
| २ | | केन्द्र सरकार राजस्व बाँडफाँड | ४३७९९.०० | ० | | ४३७९९.०० |
| ४ | | केन्द्र सरकार सशर्त अनुदान | ५४६०० | ३४९३४.४६७ | | ८९५३४.४६७ |
| ५ | | केन्द्र सरकार समपुरक अनुदान (विपद् व्यवस्थापन अन्तर्गत मस्याङदी र ठाडो खोलाहरुमा तटवन्धन) | ० | १७००० | | १७००० |
| ६ | | प्रदेश सरकार समानीकरण अनुदान | ० | ४२५७ | | ४२५७ |
| ७ | | प्रदेश सरकार राजस्व बाँडफाँड | ६४८ | ० | | ६४८ |
| ८ | | प्रदेश सरकार विशेष अनुदान लोकप्रिय मा वि छात्रवास भवन निर्माण | ० | ७००० | | ७००० |
| ९ | | प्रदेश सरकार समपुरक अनुदान (थान्चोक स्वास्थ्य चौकी निर्माण ५० प्रतिशत) | | ५००० | | ५००० |
| १० | | केन्द्र सरकार अन्य अनुदान (चामे बसपार्क निर्माण) | | ० | | ० |
| ११ | | केन्द्र सरकार अन्य अनुदान (चामे उद्योगग्राम निर्माण) | | १२२४० | | १२२४० |
| १२ | | आन्तरिक आय (अनुमान) | २६५० | ० | | २६५० |
| १३ | | आन्तरिक आय (गत वर्षको नगद मौज्दात) | | ६५४८९.१२५ | | ६५४८९.१२५ |
| | | कूल जम्मा | १०१६९७.०० | २१७२२०.५९ | ०.०० | ३१८९१७.५९२ |

# चामे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, मनाङ

**संचित कोषबाट बिनियोजन हुने अनुमानको खर्च शिर्षकगत तथा श्रोतगत बजेट बिबरण**

अनुसूची-२

आर्थिक वर्ष : २०७९/०८० को पूरक तथा शंशोधीत बजेट

रकम रु. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | राजस्व बाँडफाँड-संघीय सरकार -१- | राजस्व बाँडफाँड-प्रदेश सरकार -२- | नेपाल सरकार-समानिकरण अनुदान -३- | आन्तरिक स्रोत -४- |
|---|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ११८००.०० | ११८००.०० | | | ०.०० |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी/सुविधा | ६३४५.०० | ६३४५.०० | | | ०.०० |
| ३ | २१११२ | पदाधिकारी विमा | २७०.०० | २७०.०० | | | ०.०० |
| ४ | २११२१ | पोशाक | ४८०.०० | ४८०.०० | | | ०.०० |
| ५ | २११३१ | स्थानीय भत्ता | २८००.०० | २८००.०० | | | ०.०० |
| ६ | २११३२ | महंगी भत्ता | ५५०.०० | ५५०.०० | | | ०.०० |
| ७ | २११३४ | कर्मचारी बैठक भत्ता | ५००.०० | ५००.०० | ०.०० | | ०.०० |
| ८ | २११४१ | पदाधिकारी बैठक भत्ता | ५००.०० | ५००.०० | | | ०.०० |
| ९ | २१२१२ | कर्मचारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | १२५.०० | १२५.०० | | | |
| १० | २१२१४ | कर्मचारी कल्याण कोष | १५००.०० | १५००.०० | | | ०.०० |
| ११ | २२१११ | पानी तथा विजुली | ५००.०० | ५००.०० | | | ०.०० |
| १२ | २२११२ | संचार महसुल | ३००.०० | ३००.०० | | | ०.०० |
| १३ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १२००.०० | १२००.०० | | | १०००.०० |
| १४ | २२२१३ | सवारी साधन मर्मत खर्च | २५००.०० | १५००.०० | | | |
| १५ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ४००.०० | ४००.०० | | | ०.०० |
| १६ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५००.०० | ५००.०० | | | |
| १७ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २०००.०० | २०००.०० | | | ०.०० |
| १८ | २२३१४ | इन्धन-अन्य प्रयोजन | ३००.०० | ३००.०० | ०.०० | | ०.०० |
| १९ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५००.०० | ३००.०० | २००.०० | | ०.०० |
| २० | २२४११ | सेवा र परामर्श खर्च | ७५०.०० | ७५०.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालनसंग सम्वन्धीत खर्च | २००.०० | २००.०० | ०.०० | | ०.०० |
| २२ | २२४१३ | करार सेवा शुल्क | २७००.०० | . २४५२.०० | २४८.०० | | ०.०० |
| २३ | २२४१४ | सरसफाई सेवा शुल्क | ३५०.०० | ३५०.०० | | | ०.०० |
| २४ | २२५११ | कर्मचारी क्षमता विकास तालिम खर्च | २००.०० | २००.०० | | | ०.०० |
| २५ | २२५२९ | विविध कार्यक्रम खर्च | ३००.०० | ३००.०० | | | ०.०० |
| २६ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १०००.०० | १०००.०० | | | ०.०० |
| २७ | २२६१२ | भ्रमण खर्च | १५००.०० | १५००.०० | | | ०.०० |
| २८ | २२६१२ | जन प्रतिनिधि/कर्मचारी अध्ययन अवलोकन भ्रमण | ४००.०० | २००.०० | | | २००.०० |
| २९ | २२६१२ | फोहरमैला व्यवस्थापन अध्ययन अवलोकन भ्रमण | ६००.०० | ०.०० | | | ६००.०० |
| ३० | २२७११ | विविध/अतिथि सत्कार खर्च | १६००.०० | १६००.०० | ०.०० | | ०.०० |
| ३१ | २२७११ | विविध खर्च वडा कार्यालय संचालन | ५००.०० | ३४४.०० | ०.०० | | १५६.०० |
| ३२ | २२७२१ | सभा सञ्चालन खर्च | ९५०.०० | ४५०.०० | | | ५००.०० |
| ३३ | २५३१५ | अन्य सहायता | २००.०० | २००.०० | | | ०.०० |
| ३४ | २८१४२ | घर भाडा | ५५०.०० | ५५०.०० | | | ०.०० |
| ३५ | २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५००.०० | ५००.०० | | | ०.०० |
| ३६ | २२४१३ | एम आइ एस अपरेटर फिल्ड सहायकहरुको थप तलब चाडपर्व र पोशाक समेत | २५५.०० | ५५.०० | २००.०० | | ०.०० |
| ३७ | २११११ | बालविकास शिक्षिका विद्यालय कर्मचारी स.का. थप पारीश्रमिक | १०००.०० | ५०६.०० | ०.०० | | . ४९४.०० |
| ३८ | २११११ | सूचनाको हक सम्वन्धी कार्यक्रम तथा बैठक खर्च | १००.०० | ०.०० | ०.०० | | १००.०० |
| ३९ | २८९११ | भैपरी आउने चालु खर्च | १२७२.०० | ७७२.०० | ०.०० | | ५००.००० |
| | | कूल जम्मा = | ४७९९७.०० | ४३७९९.०० | ६४८.०० | ०.०० | ३५५०.००० |
| | | | | ०.००० | ० | ० | ६४५५९ |
| | | | | ४३७९९.००० | ६४८.०० | | 68139.13 |
| | | | | | | | 65489.13 |
| | | | | | | | 2650.00 |

रकम रु. हजारमा

(ख) गाउँपालिकाका गौरवका आयोजनाहरु

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान -१- | प्रदेश सरकार-समानिकरण अनुदान -२- | राजस्व बाँडफाँड-प्रदेश सरकार -३- | आन्तरिक स्रोतको गतको अल्या -४- |
|---|---|---|---|---|---|---|---|
| १ | २५३११ | लोकप्रिय मा.वि.आवासिय विद्यालय संचालन कार्यक्रम | ४५०० | ४५०० | | | ० |
| २ | २५३११ | गौरी शंकर आ.वि.दिवा आवासीय कार्यक्रम | २०००.०० | ०.०० | ०.०० | | २०००.०० |
| ३ | ३१११२ | स्यार्कु सित भण्डार निर्माण (क्रमागत) समपुरक समेत | ७००० | | | | ७००० |
| ४ | ३१११५६ | चामे बजार खानपानी विस्तार र ढल निकास आयोजना-साँझेदारी कार्यक्रम | ११००० | | ० | | ११००० |
| ५ | ३१११५९ | चामे बसपार्क निर्माण योजना | ५००० | ० | ० | | ५००० |
| ६ | ३१११२ | चामे सिटीहल भान्छा घर र शौचालय निर्माण | ३००० | ३००० | ० | | ० |
| ७ | ३१११५३ | चामे विद्युत आयोजना निर्माण-२ मेघ वाट | ७५०० | ७५०० | ० | | ० |
| | | जम्मा = | ४०००० | १५००० | ० | ० | २५००० |

(ग) गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमहरु

रकम रु. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान -१- | प्रदेश सरकार-समानिकरण अनुदान -२- | राजस्व बाँडफाँड-प्रदेश सरकार -३- | आन्तरिक स्रोतको गतको अल्या -४- |
|---|---|---|---|---|---|---|---|
| १ | २७२१२ | प्रकोप व्यवस्थापन तथा उद्धार कोष | २०००.०० | ०.०० | | | २०००.०० |
| २ | २२५२२ | कृषि क्षेत्र विकास तथा विस्तार कार्यक्रम | १५००.०० | १५००.०० | ०.०० | | |
| ३ | २२५२२ | पशु क्षेत्र विकास तथा विस्तार कार्यक्रम | १५००.०० | १५००.०० | ०.०० | | ०.०० |
| ४ | २२५२२ | शिक्षा कार्यक्रम | १२००.०० | १२००.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | २२५२२ | स्वास्थ्य कार्यक्रम | १०००.०० | १०००.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | २२५२२ | गाउँपालिकास्तरीय सीपमूलक तालिम कार्यक्रम | १०००.०० | ५००.०० | ०.०० | ०.०० | ५००.०० |
| ७ | २२५२२ | लघु उद्यम विकास कार्यक्रम | ७५०.०० | ७५०.०० | ०.०० | ०.०० | ०.०० |
| ८ | २२५२२ | खेलकुद कार्यक्रम | ०.०० | ०.०० | ०.०० | | ०.०० |
| ९ | २२५२२ | जिल्ला स्तरीय खेलकुद प्रतियोगीता | ५००.०० | ५००.०० | ०.०० | | ०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | ० |
| १० | २२५२२ | साना किसान सहकारी स्तरोन्नती तालिम | ३००.०० | ३००.०० | | | |
| ११ | ३११७१ | समपुरक कोष | १०००.०० | ०.०० | ०.०० | | १०००.०० |
| १२ | ३११५४ | तिर्चुङगाल्ता बस्ति संरक्षण-समपुरक | ९१४.६८ | ९१४.६८ | ०.०० | | ०.०० |
| १३ | ३११५४ | सिटिहल देखि विहानघाट सम्म बस्ति संरक्षण -समपुरक | १४७७.४९ | १४७७.४९ | ०.०० | | ०.०० |
| १४ | ३११५४ | बिजुलि पावरहाउस देखि एक्याप कार्यालय संम बस्ति संरक्षण -समपुरक | ११८८.४७ | ११८८.४७ | ०.०० | | ०.०० |
| १५ | ३११५४ | हुलाक कार्यालय देखि दाया बाया २०० मि . सम्म बस्ति संरक्षण -समपुरक | १४४७.८७ | १४४७.८७ | ०.०० | | ०.०० |
| १६ | ३११५४ | विद्युत कूलो मुनीबाट स्कूल स्याउबारीसम्म तटवन्धन-समपुरक | ११८८.४७ | ११८८.४७ | ०.०० | | ०.०० |
| १७ | ३११५४ | माडा झो पू बाट स्याउवारी कुनासम्म तटवन्धन-समपुरक | १९८१.२१ | १९८१.२१ | ०.०० | | ०.०० |
